# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडा र नेपाल हस्तकला महासङ्घका प्रतिनिधिहरूबीच साउन २६ गते बैंकको केन्द्रीय कार्यालय बालुवाटारमा भेटघाट सम्पन्न भयो ।



सो अवसरमा महासङ्घका अध्यक्ष विकास रत्न धाख्वाले नयाँ मौद्रिक नीतिमा घरेलु तथा साना उद्योगलाई प्रोत्साहन हुने व्यवस्था गरिएकोमा गभर्नर डा. खतिवडाप्रति आभार व्यक्त गर्नुभयो । साथै, उहाँले हस्तकलाका सामान उत्पादन तथा निर्यातमा रहेका विभिन्न समस्या अवगत गराउँदै सो को निराकरणमा नेपाल राष्ट्र बैंकले सराहनीय भूमिका खेल्ने आशा व्यक्त गर्नुभयो ।

कार्यक्रममा गभर्नर डा. खतिवडाले देशको भुक्तानी सन्तुलनमा सकारात्मक भूमिका खेल्ने हस्तकला उद्योगलाई जीवन्त राखी अझ विस्तार गर्न केन्द्रीय बैंकको तर्फबाट सम्भव भएसम्मको सहयोग उपलब्ध हुने बताउनुभयो ।

मौद्रिक नीतिमा व्यवस्था भए अनुसार बैंक तथा वित्तीय संस्थाहरूले हस्तकला सम्बन्धी उद्योगहरूलाई सस्तो ब्याजदरमा कर्जा दिन आनाकानी गरेको सम्बन्धमा सहभागी व्यवसायीहरूले राखेको जिज्ञासामा गभर्नर डा. खतिवडाले ब्याजदर फरक कम भएको कारण बैंक तथा वित्तीय संस्थाहरूले यस्तो पुनरकर्जा उपयोग नगरेको प्रति असन्तोष व्यक्त गर्नुभयो । यसै प्रसङ्गमा उहाँले “३ प्रतिशत भन्दा माथिको स्प्रेद अब सपना हुन्छ” भन्नुभयो ।

गरगहना बनाई विदेश निर्यात गर्ने प्रयोजनका लागि अन्तर्राष्ट्रिय मूल्यमा हस्ताकला व्यवसायीहरूलाई नेपाल राष्ट्र बैंकको ढुकुटीमा रहेको चाँदी बिक्री गर्न सकिने धारणा सो अवसरमा गभर्नर डा. खतिवडाले व्यक्त गर्नुभयो ।

गभर्नरको कार्यालय